# खानेपानी, सरसफाइ तथा स्वच्छताको गुणस्तर अनुगमन मार्गदर्शन २०८०

(गढी गाउँपालिका, गाउँ कार्यपालिकाबाट मिति २०८०।०९।२२ गते पारित गरी लागू गरिएको)

औरावनी, सुनसरी
कोशी प्रदेश, नेपाल

**प्रस्तावना :** नेपालको संविधानमा मौलिक हकको धारा ३५ को उपधारा (४) ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गरेको, धारा ३० ले स्वच्छ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गरेको कुरालाई मध्यनजर गर्दै,

गढी गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन २०८० ले सुनिश्चित गरेको खानेपानी, सरसफाइ तथा स्वच्छताको हकलाई कार्यान्वयनमा ल्याउनका लागि,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गढी गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छताको गुणस्तर अनुगमन २०८० तयार गरी लागू गरिएको छ ।

## परिच्छेद १ : सङ्क्षिप्त नाम र परिभाषा

**१ सङ्क्षिप्त नाम र प्रारम्भ :**

(क) यस मार्गदर्शनको नाम 'खानेपानी, सरसफाइ तथा स्वच्छता गुणस्तर अनुगमन मार्गदर्शन २०८०' रहने छ ।

(ख) यो मार्गदर्शन गढी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकबाट पारित भएपछि लागू हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा :

(क) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्धेश्यले सञ्चालित आयोजना सम्झनुपर्छ ।

(ख) "घरधुरी" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने व्यक्ति र घर सम्झनुपर्छ ।

(ग) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनुपर्छ ।

(घ) "खानेपानी तथा सरसफाइ उपभोक्ता समिति" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरुले उपभोक्ता संस्थाको रुपमा सामुदायिक संस्थाको विधान बमोमिज साधारण सभा वा अधिवेशनबाट गठन वा निर्वाचित हुने समितिलाई जनाउँदछ ।

(ङ) “अनुगमन” भन्नाले गढी गाउँपालिकाको खानेपानी तथा सरसफाइ ऐन, फोहरमैला व्यवस्थापन कार्यविधि, विद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि र अन्य प्रचलित कानुन बमोजिम कुनै पनि कार्य हुँदाका बखत त्यसको उद्देश्यअनुरुप कार्य भइरहेको वा नभएको निर्क्योल गरी सुधारको लागि सुझाव दिने कार्यलाई जनाउँछ।

(च) “सफा र स्वच्छ क्षेत्र” भन्नाले पूर्ण सरसफाइ मार्गदर्शन २०७३ र गढी गाउँपालिकाको खानेपानी तथा सरसफाइ ऐन २०८० बमोजिम घरायसी तहमा पाँच+एक र सार्वजनिक तहमा पाँच+दुई सूचक पूरा गरेपछिको अवस्थालाई बुझाउँछ।

(छ) “शौचालय” भन्नाले मानव मलमूत्र सुरक्षित रुपमा मानव सम्पर्कबाट अलग गर्ने सुविधा सहितको संरचनालाई जनाउँछ।

(ज) “ढल निकास” भन्नाले मानव मलमूत्र सहित वा रहित फोहरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा कुनै अन्य तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनुपर्छ।

(झ) “पानीको श्रोत” भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा, मूलजस्ता सतही वा भूमिगत जलश्रोत सम्झनुपर्छ र सो शब्दले आकासे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ।

(ञ) “फोहोर पानी” भन्नाले घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात् निस्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहोर पानी सम्झनुपर्छ र सो शब्दले फ़ोहोर पानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ।

(ट) “कार्यविधि” भन्नाले विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि २०८० लाई जनाउने छ।

(ठ) “स्वच्छता” भन्नाले नियमित रुपमा शौचालयको प्रयोग गर्ने, जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धीकरण गर्ने, व्यक्तिगत सरसफाइ कायम गर्ने, घरभित्र र बाहिरका तरल तथा ठोस फोहरमैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने व्यवहारलाई समेत जनाउँछ।

(ड) “तारा पद्धति” भन्नाले गढी गाउँपालिकाको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि अनुसार सम्बन्धित समितिले विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छताको गुणस्तर स्वअनुगमन गरी सेवाको तह न्यूनतम, मध्यम वा उच्च रहेको प्रमाणीकरण गरी निर्धारण गर्ने प्रक्रियालाई जनाउँछ।

(ढ) “फोहरमैला” भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानीकारक फोहरमैला सम्झनुपर्छ र सो शब्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेका गाडी मर्मत र गाडी धुलाइबाट निस्केका, तरकारी बजारबाट निस्केका, फालिएका वा सडेगलेका, वातावरणमा ह्रास आउनेगरी निस्काशन गरिएका ठोस, तरल, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतीय तथा सूचना प्रविधिका लागि प्रयोग भएका सामग्रीहरु लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य बस्तुहरु वा अनधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएका पोष्टर, पम्प्लेट र नेपाल सरकारले समय समयमा नेपाल

राजपत्रमा सूचना प्रकाशन गरी फोहरमैला भनी तोकिदिएका अन्य बस्तु समेतलाई जनाउनेछ ।

(ण) "हानीकारक फोहरमैला" भन्नाले प्राकृतिक वातावरणमा ह्रास ल्याउने मानव तथा अन्य प्राणिको स्वास्थ्यमा हानी नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निस्काशित बस्तु, पदार्थ तथा रेडियो विकिरण सम्झनुपर्छ ।

(ण) "रासायनिक फोहरमैला" भन्नाले यथास्थितिमा प्रयोग हुन नसक्ने जुनसुकै श्रोत तथा प्रक्रियाबाट निस्केका मानव स्वास्थ्य लगायत जीवजन्तु एवम् वातावरणमा प्रतिकूल असर पार्ने सम्पूर्ण रासायनिक पदार्थहरु वा समय समयमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी रासायनिक फोहरमैला भनी तोकेको ठोस, तरल, धुलो, लेदो, ग्यास लगायतका पदार्थ वा बस्तुलाई सम्झनुपर्छ ।

(त) "स्वास्थ्य संस्था" भन्नाले अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, हेल्थ पोष्ट, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैंक, प्याथोलोजिकल प्रयोगशाला, पशु स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्र समेतलाई जनाउँछ ।

(थ) "गाउँपालिका" भन्नाले गढी गाउँपालिकालाई सम्झनुपर्छ ।

## परिच्छेद २

## उद्धेश्य र संरचना

**३. उद्धेश्य :** यस अनुगमन मार्गदर्शनको मुख्य उद्धेश्य घरायसी तह, टोल, संस्थागत तह, सार्वजनिक स्थल र वडा तहमा गरिने विभिन्न चरणका अनुगमनमा पूर्ण सरसफाइ मार्गदर्शन २०७३ ले निर्धारण गरेका नतिजामुखी अनुगमन मापदण्डका आधारमा एकरुपता ल्याई गढी गाउँपालिकामा पूर्ण सरसफाइ अनुगमन प्रणालीको स्थापना गरी चुस्त दुरुस्त रुपमा अनुगमन कार्यलाई अघि बढाउनु रहेको छ । यस बाहेक यस निर्देशिकाका निर्दिष्ट उद्धेश्यहरु तपसिल बमोजिम रहेका छन् :

(क) पूर्ण सरसफाइमा सूचकमा आधारित नतिजामुखी अनुगमन प्रणाली स्थापित गर्नु

(ख) गाउँपालिकाले तयार गरेको खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको प्रभावकारी कार्यान्वयनका लागि अनुगमनको माध्यमबाट आधार तयार गर्नु

(ग) गुणस्तर अनुगमनमा रहेका द्विविधाहरु हटाउनु

(घ) गुणस्तर र मापदण्ड कायम राख्नु

(ङ) प्रक्रियाको विश्वसनीयता वृद्धि गर्नु

(च) प्रमाणीकरण, स्वघोषणा र घोषणा प्रक्रियामा एकरुपता ल्याउनु

**४. अनुगमन संरचना :** यस गढी गाउँपालिकाभित्र खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको स्वअनुगमन एवम् आवधिक अनुगमनका लागि तपसिल बमोजिमका अनुगमन संयन्त्र रहनेछन् :

**४.१ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता अनुगमन समिति :** गढी गाउँपालिकाको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि २०८० बमोजिम गठन हुने विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले सम्पादन गर्ने सरसफाइ तथा स्वच्छता

प्रवर्द्धनका क्रियाकलाप र विद्यालय सेवा क्षेत्रको पूर्ण सरसफाइ अवस्थाको आवधिक अनुगमन गरी सुझाव सल्लाह दिनका लागि तपसिल बमोजिमको गाउँपालिकास्तरीय विद्यालय क्षेत्र खानेपानी, सरसफाइ तथा स्वच्छता अनुगमन समिति गठन गरिने छ :

(क) गाउँपालिकाका सामाजिक विकास समितिका संयोजक : संयोजक
(ख) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट एक जना : सदस्य
(ग) गाउँपालिकाबाट तोकिएको शिक्षा विकास शाखाका कर्मचारी : सदस्य
(घ) गाउँ कार्यपालिकाका सदस्य मध्येबाट एक जना : सदस्य
(ङ) जेण्डर/सरसफाइ फोकल शिक्षकमध्येबाट एक जना : सदस्य
(च) गाउँपालिकास्तरीय बाल सञ्जालका अध्यक्ष एक जना : सदस्य
(छ) गाउँपालिका क्षेत्रभित्रका सेवानिवृत्त प्रधानाध्यापक वा शिक्षक मध्येबाट एक : सदस्य

**४.१.१ समितिका कार्यहरु :** गाउँपालिकास्तरीय विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता अनुगमन समितिका कार्यहरु तपसिल बमोजिम हुनेछन् :

(क) विद्यालय र विद्यालय सेवा क्षेत्रको पूर्ण सरसफाइ रणनीतिक योजना वा कार्ययोजना बनाउन सहयोग गर्ने
(ख) सूचना, शिक्षा तथा सञ्चारसँग सम्बन्धित श्रव्य दृष्य सामग्रीहरुको विकास तथा वितरणमा सहयोग गर्ने
(ग) विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छताको सुविधा निर्माण, प्रयोग तथा मर्मतसम्भारको अवस्थाको आवधिक अनुगमन गरी सोको विवरण गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा पेश गर्ने
(घ) विद्यालयले खानेपानी, सरसफाइ तथा स्वच्छताको स्वमूल्यांकन गरेको प्रतिवेदन हेर्नुका साथै विद्यालयको समग्र खानेपानी, सरसफाइ तथा स्वच्छताको अनुगमन गरी तारा पद्धति (Star Approach) बाट सोको प्रमाणीकरण गर्ने
(ङ) मापदण्ड पूरा नभएका विद्यालयहरुको स्तर वृद्धिका लागि आवश्यक बजेट व्यवस्थाप गर्न गाउँ कार्यपालिकासमक्ष सिफारिस गर्ने
(च) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता, स्वास्थ्य, खाद्य स्वच्छता सहित सुरक्षित विद्यालय सम्बन्धी सेवा विस्तारका लागि योजनावद्ध सहयोग गर्ने ।

**४.२ टोल स्तरीय अनुगमन समिति :** (१) खानेपानी, सरसफाइ तथा स्वच्छतामा टोललाई सिकाइको केन्द्रको रुपमा विकास गर्दै सफा र स्वच्छ क्षेत्रहुँदै पूर्ण सरसफाइउन्मुख क्षेत्र बनाउने कार्यमा सूचकमा आधारित भई अनुगमन कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्नु यस समितिको मुख्य जिम्मेवारी हुनेछ । यस समिति टोल विकास संस्था वा वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति अन्तर्गत रहनेछ । समिति तपसिल बमोजिम हुनेछ :

(क) टोल व्यवस्थापन समितिका अध्यक्ष, सदस्य सचिव वा तोकेको व्यक्ति : संयोजक
(ख) महिला स्वास्थ्य स्वयंसेविका : सदस्य
(ग) महिनावारी स्वच्छता व्यवस्थापन समितिबाट : सदस्य
(घ) टोल समितिले छनौट गरेका एक महिला सहित अन्य दुई जना : सदस्य

(२) टोलभित्रका घरधुरी संख्या, अनुगमनको निरन्तरता एवम् तीव्रताको आवश्यकता लगायतलाई मध्यनजर गरी टोल समितिले माथि उल्लेखितभन्दा बढी सदस्यहरु समेत समावेश गर्न सक्नेछ । यसरी गठन गरिएका टोल अनुगमन समितिले घरायसी तहमा प्रत्येक साता र टोलभित्र रहेका सार्वजनिक स्थल एवम् संघसंस्थाको कम्तिमा महिनाको एक पटक अनुगमन गरी तोकिएको ढाँचामा सोको विवरण टोल समितिमार्फत वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति र वडा कार्यालयमा दस्तावेजीकरण एवम् आवश्यक अन्य प्रयोजनका लागि बुझाउने छ ।

(३) पूर्ण सरसफाइ अभियान सहजीकरण गर्ने संस्था भएको हकमा संस्थाको सहजकर्ताले अनुगमन प्रतिवेदन तयार गरी वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा अनुगमनको लिखित प्रतिवेदन कम्तिमा महिनाको एक पटक एकमुष्ठ रुपमा बुझाउन सहयोग गर्नेछन् ।

(४) घरायसी तहको अनुगमनका सूचकहरु खण्ड ५ मा दिइएको छ भने अनुगमन तालिका अनुसूची २ मा दिइएको छ ।

**४.३ वडास्तरीय अनुगमन समिति :** वडा क्षेत्रभित्र रहेका घरधुरी, सरसफाइ नमूना टोल, वडा भित्रका कार्यालय, संघसंस्था, विद्यालय, स्वास्थ्य संस्था, सार्वजनिक क्षेत्र र वञ्चितीमा पारिएका विशेष बस्तीहरुको अनुगमन यस समितिले गर्नेछ । वडाबाट गर्ने अनुगमनका लागि तपसिल बमोजिमको अनुगमन समिति गठन हुनेछ :

(क) वडा समितिले तोकेको वडा सदस्य : संयोजक
(ख) वडा सचिव : सदस्य सचिव
(ग) सम्बन्धित वडा सदस्यहरु : सदस्य
(घ) टोल समिति वा टोल समन्वय समितिका प्रतिनिधि : सदस्य
(ङ) महिला स्वास्थ्य स्वयंसेविका : सदस्य
(च) वडास्तरीय महिनावारी स्वच्छता सरोकार समूह वा गाउँपालिकास्तरीय महिनावारी स्वच्छता सरोकार समूहको प्रतिनिधि : सदस्य
(छ) कम्तिमा एक जना महिला सहित वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले तोकेको दुई जना : सदस्य
(ज) पूर्ण सरसफाइ अभियान सहजीकरण गर्ने संस्था भएमा सोको सहजकर्ता : सदस्य

**४.३.१ वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता अनुगमन समितिका कार्यहरु :** (१) यस समितिले घरधुरीको अलग्गै अनुगमन नगरी सम्बन्धित टोल समितिसँग समन्वयात्मक रुपमा घरधुरीको अनुगमन गरी घरधुरीको अवस्था अनुसारको अंक दिनेछ । यो काम टोल समितिसँग संयुक्त रुपमा हुनेछ, र यस अनुगमनका लागि सम्बन्धित टोल समितिको अनुगमन पुस्तिकाको प्रयोग गरिने छ ।

(२) घरधुरीबाहेक समग्र टोलको सरसफाइको अवस्था, टोल समितिको सक्रियता, टोलले निर्माण गरेका र कार्यान्वयनमा ल्याएका नीति नियमहरु, वडाभित्रका कार्यालय, संघसंस्था, विद्यालय, स्वास्थ्य संस्था लगायतको अनुगमन भने निर्दिष्ट फाराम र जाँचसूचीका आधारमा वडास्तरीय अनुगमन समितिले एक्लै वा अन्य साझेदारसँग संयुक्त रुपमा गर्न सक्नेछ ।

(३) यस समितिले वडाभित्र रहेका संघसंस्थाको सरसफाइ अवस्थाको अनुगमन गरी सुझाव सल्लाह दिनेछ । संघसंस्थाको अनुगमनको क्रममा संघसंस्था अनुगमन समिति वा पालिकास्तरीय अनुगमन समितिसँग संयुक्त रुपमा समेत अनुगमन गर्नेछ । वडाभित्रका संघसंस्था, विद्यालय र सार्वजनिक क्षेत्रको अनुगमनका क्रममा अनुगमन गरी तालिकामा अंक दिनेभन्दा पनि भैरहेको कार्यको गुणात्मक पक्षको अनुगमन गरी सुझाव सल्लाह दिने दायित्व यस समितिको हुनेछ ।

४.४ **महिनावारी सरसफाइ तथा स्वच्छता समिति :** (१) गाउँपालिकालाई मर्यादित महिनावारी सुनिश्चित गाउँपालिकाको रुपमा विकास गर्नका लागि गढी गाउँपालिकाको मर्यादित महिनावारी स्वच्छता निर्देशिका बमोजिम अनुगमन गरी प्रगति समीक्षा अद्यावधिक गर्नुका साथै कम्तिमा वर्षको दुई पटक गाउँ कार्यपालिका बैठकमा प्रतिवेदन पेश गरी छलफल गर्नु यस समितिको मुख्य जिम्मेवारी हुनेछ, जसका लागि तपसिल बमोजिमको गाउँपालिकास्तरीय महिनावारी सरसफाइ तथा स्वच्छता समिति गठन हुनेछ :

(क) गाउँपालिका अध्यक्ष: संरक्षक

(ख) गाउँपालिका उपाध्यक्ष : संयोजक

(ग) गाउँ कार्यपालिकाबाट महिला सदस्यहरु दुई जना : सदस्य

(घ) गाउँपालिका अन्तरगत महिला विकास शाखा प्रमुख : सदस्य

(ङ) गाउँपालिका अन्तरगत खा.पा. तथा स./पूर्वाधार विकास शाखा प्रमुख वा सरसफाइ फोकल पर्सन : सदस्य

(च) गाउँपालिका अन्तरगत स्वास्थ्य शाखा प्रमुख : सदस्य

(छ) गाउँपालिका अन्तरगत शिक्षा शाखा प्रमुख : सदस्य

(ज) गाउँपालिका अन्तरगत कृषि शाखा प्रमुख : सदस्य

(झ) गाउँपालिका स्तरीय महिला सञ्जाल प्रतिनिधि : सदस्य

(ञ) गाउँपालिका स्तरीय वाल क्लब प्रतिनिधि : सदस्य

(ट) सामाजिक तथा धार्मिक अगुवा प्रतिनिधि (२ जना) : सदस्य

(ठ) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिका प्रतिनिधि दुई जना : सदस्य

(ड) मिडिया प्रतिनिधि (१ जना) : सदस्य

(ढ) खानेपानी, सरसफाइ, स्वच्छता र महिला सशक्तीकरणको क्षेत्रमा क्रियाशील संघसंस्थाका प्रतिनिधि दुई जना : सदस्य

(ण) सुरक्षा निकायका प्रतिनिधि : सदस्य

(त) गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत : सदस्य सचिव

(२) **महिनावारी सरसफाइ तथा स्वच्छता समितिका कार्यहरु :** गाउँपालिका स्तरमा गठन हुने महिनावारी सरसफाइ तथा स्वच्छता समितिका कार्यहरु तपसिल बमोजिम रहेका छन् :

(क) महिनावारी सम्बन्धमा समुदायमा रहेको गलत धारणा र मान्यतालाई न्यूनीकरण गर्दै महिनावारीको समयमा महिलाहरुलाई घरपरिवार, कार्यालय, विद्यालय र सार्वजनिक

नीलम सानो

स्थलमा हुने विभेदहरु न्यूनीकरण गर्ने एवम् सरसफाइ तथा स्वच्छतामा ध्यान दिई महिनावारीको बेलामा हुने समस्याहरु कम गर्न सघाउनु,

(ख) अनुगमन गरी आवधिक प्रतिवेदन कार्यपालिकामा पेश गर्ने,

(ग) गाउँपालिका तथा वडास्तरीय विशेष योजना निर्माण गर्नुपर्ने भएमा सामाजिक विकास समितिमार्फत वार्षिक विकास योजनामा उपरोक्त क्रियाकलाप समावेश गर्न लगाउने,

(घ) वडा, टोल तथा विद्यालयमा गठन गरिएका महिनावारी सरसफाइ सरोकार समूह र पालिकास्तरीय अनुगमन समितिसँगको समन्वयमा अनुगमन क्रियाकलाप सञ्चालन गर्ने

(ङ) कम्तिमा द्वैमासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहने गाउँपालिकास्तरीय अनुगमन समितिमार्फत गाउँ कार्यपालिका बैठकमा पेश गर्ने

(च) कुनै स्थानमा महिनावारी सरसफाइसम्बन्धी जोखिमपूर्ण वानी व्यवहार अवलम्वन भैरहेको र सोको समाधानका लागि तुरुन्त आवश्यक कदम चाल्नुपर्ने अवस्था भएमा सिधै गाउँपालिका वा सम्बन्धित स्वास्थ्य संस्थासँग समन्वयात्मक रुपमा कार्य गर्ने

(छ) कुनै वडा वा विद्यालयलाई मर्यादित महिनावारीमैत्री घोषणा गर्नुपर्ने अवस्था आएमा गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिसँग समन्वय गरी आवश्यक जाँचसूची तथा मापदण्डको आधारमा त्यस्ता क्षेत्र वा निकायको अवस्थाको मूल्यांकन गरी स्वीकृतिका लागि गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा सिफारिस गर्ने

**४.५ गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता अनुगमन समिति :** गाउँपालिका तहबाट प्रमाणीकरण गर्नुपर्ने र स्वीकृति दिनुपर्ने कार्यको अनुगमन गरी सो प्रक्रिया पूरा गर्नका लागि तपसिल बमोजिमको गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता अनुगमन समिति रहनेछ :

(क) गाउँपालिका उपाध्यक्ष : संयोजक
(ख) गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत : सदस्यसचिव
(ग) गाउँपालिकाका सरसफाइ फोकल पर्सन : सदस्य
(घ) गाउँ कार्यपालिकाका सदस्य मध्येबाट एक जना महिला : सदस्य
(ङ) शिक्षा शाखा प्रमुख : सदस्य
(च) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख : सदस्य
(छ) सामाजिक विकास समितिका सदस्यमध्ये एक जना : सदस्य
(ज) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति मध्येबाट एक जना : सदस्य
(झ) गाउँपालिकास्तरीय बाल सञ्जालबाट कम्तिमा एक जना छात्र सहित दुई जना : सदस्य
(ञ) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट एक जना : सदस्य
(ट) स्थानीय सुरक्षा निकायका प्रतिनिधि एक जना : सदस्य
(ठ) गाउँपालिकास्तरीय उद्योग वाणिज्य संघ वा उद्योगी व्यापारी मध्येबाट एक जना : सदस्य

**४.५.१ : गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता अनुगमन समितिका कार्यहरु :** गाउँपालिका तहमा गठन हुने खानेपानी, सरसफाइ तथा स्वच्छता अनुगमन समितिका कार्यहरु तपसिल बमोजिम हुनेछन् :

नीलम साानी

(क) विद्यालयलाई खानेपानी, सरसफाइ तथा स्वच्छतामा तारा प्रदान गर्नुपर्ने भनी विद्यालय व्यवस्थापन समितिबाट स्वअनुगमन प्रतिवेदन सहित गाउँपालिकाको सामाजिक विकास समितिमा निवेदन आएमा सोको प्रमाणीकरण अनुगमनका लागि सामाजिक विकास समितिसँग समन्वय गरी अनुगमन टोली खटाउने र आवश्यकता अनुसार प्रमाणीकरण कार्य गरी गाउँ कार्यपालिकामा नियमानुसार सिफारिस गर्ने

(ख) कुनै वडालाई सफा स्वच्छ क्षेत्र घोषणा गर्नुपरेमा प्रमाणीकरण अनुगमन गरी सोको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने

(ग) गाउँपालिकाभित्र विभिन्न तहमा रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति र अनुगमन समितिहरुले गरेका अनुगमन कार्यको प्रभावकारिता सुनिश्चित गर्ने

(घ) वडा, विद्यालय, महिनावारी स्वच्छता लगायतका क्षेत्रमा भएका अनुगमनका प्रतिवेदनहरु द्वैमासिक रुपमा एकमुष्ठ गरी छलफलका लागि गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने

(ङ) कुनै अनुगमनका सूचकहरु वा सूचकको अंकभार परिमार्जन वा संशोधन गर्नुपर्ने भएमा उपयुक्त कारण सहित गाउँ कार्यपालिकामा पेश गर्ने

(च) वार्षिक अनुगमन कार्ययोजना तयार गरी कार्यपालिकाबाट स्वीकृत गराई लागू गर्ने

(छ) वास च्याम्पियनहरुले गरेको परिचालन कार्यको प्रभावकारिता अनुगमन गरी आवश्यक सुझाव दिने

(ज) अनुगमन कार्यको उपयुक्त ढाँचामा दस्तावेजीकरण गर्ने

(झ) गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले दिएका अनुगमन सम्बन्धी अन्य जिम्मेवारीहरु पूरा गर्ने

## परिच्छेद ३

## नतिजामुखी अनुगमन सूचक तथा ढाँचा

**५. सूचकमा आधारित नतिजामुखी अनुगमन गर्नुपर्ने :** सबै तहका अनुगमन समितिहरुले खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको अनुगमन गर्दा सूचकमा आधारित भई नतिजामुखी अनुगमन गर्नु पर्नेछ । यसरी अनुगमन गरिसकेपश्चात् तोकिएको ढाँचामा सोको प्रतिवेदन तयार गरी पेश गर्नुपर्नेछ ।

**५.१ घरायसी तहको अनुगमन ढाँचा :** पूर्ण सरसफाइ मार्गदर्शन २०७३ (परिमार्जन २०७६) ले तयार गरेको अनुगमन सूचकमा आधारित भई नतिजामुखी अनुगमन सूचक र ढाँचा तयार गरिएको छ । घरायसी तहको खानेपानी, सरसफाइ तथा स्वच्छताको अनुगमन गर्दा तपसिल बमोजिमको ढाँचामा आधारित भई गर्नुपर्नेछ :

| प्रमुख विषय तथा सूचक | सहायक सूचकहरू | अंक भार | स्वच्छता आनिवानी प्रवर्द्धन तथा सूचक प्रवर्द्धनको अवस्था | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अनु १ | अनु २ | |
| | अनुगमन मिति | | | | |
| चर्पीको समुचित | चर्पी सुरक्षित | ४ | | | |
| | प्रयोगकर्तामैत्री चर्पी | ३ | | | |
| | परिवारका सबैले चर्पीमा नै दिसापिसाव गर्ने गरेको | ३ | | | |
| | चर्पीमा सरसफाइ सामग्री तथा पानीको उपलब्धता | ३ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | चर्पीका लागि अलग्गै चप्पल, चर्पीको भित्र र बाहिरको सफाइ | २ | | | |
| | बच्चाको दिसा चर्पीमा बिसर्जन | २ | | | |
| | चर्पी प्रयोग गरेपछि साबुनपानीले हात धुने पहुँच | ३ | | | |
| व्यक्तिगत सरसफाइ (२५) | **जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने अभ्यास** | | | | |
| | खाना बनाउनुअघि | १.५ | | | |
| | खाना खानु वा खुवाउनुअघि | ३ | | | |
| | बच्चा र विरामीको स्याहार गर्नुअघि | ३ | | | |
| | दिसा धोएपछि | ३ | | | |
| | फोहर छोएपछि | १.५ | | | |
| | विरामीको स्याहार गरेपछि | ३ | | | |
| | **महिनावारी स्वच्छतासम्बन्धी ज्ञान र व्यवहार** | | | | |
| | महिनावारी स्वच्छता सम्बन्धी ज्ञान | २ | | | |
| | प्याडको उचित प्रयोग र विसर्जन | ३ | | | |
| | नुहाउने र अन्य सरसफाइ | २ | | | |
| | **अन्य व्यक्तिगत सरसफाइ** | | | | |
| | नुहाउने, दाँत माझ्ने, मुखधुने, सफा कपडा लगाउने आदि | ३ | | | |
| सुरक्षित पानी (१५) | पानीको भाँडा सफा, सुरक्षित | ५ | | | |
| | घरायसी तहमा पानीको शुद्धीकरण | ५ | | | |
| | धारा, मुहान, कलप्लेटफार्म सुरक्षित | ४ | | | |
| | न्यूनतम पानी उपलब्धभएको | १ | | | |
| सुरक्षित खाना (१५) | खानाको सुरक्षित भण्डारण | ३ | | | |
| | भान्छा र भाँडा सफा | ४ | | | |
| | सन्तुलित भोजन | ३ | | | |
| | खानाको स्वच्छता | २ | | | |
| | सिलौटो तथा पकाउने भाँडा सुरक्षित | ३ | | | |
| घरायसी सरसफाइ (२५) | घर आँगनको सफाइ | ४ | | | |
| | फोहरको वर्गीकरण र व्यवस्थापन | ४ | | | |
| | तरल फोहरको व्यवस्थापन | ४ | | | |
| | धुवारहितभान्सा | ४ | | | |
| | जुठ्यान, मचानको व्यवस्था | ५ | | | |
| | खोर गोठ व्यवस्थापन | ४ | | | |

**५.२ कम्तिमा ९० प्रतिशत अंक हासिल गर्नुपर्ने :** (क) सफा र स्वच्छ क्षेत्र घोषणाको लागि घरायसी तहमा अनुगमन गर्दा पहिलो मूल सूचक (सुरक्षित चर्पीको प्रयोग) र दोस्रो मूल सूचक (जोखिमपूर्ण अवस्थामा साबुन पानीले हात धुने वानी) मा कम्तिमा १०० प्रतिशत अंक हासिल गरेको हुनुपर्नेछ ।

(ख) सफा र स्वच्छ क्षेत्र घोषणा प्रयोजनका लागि घरायसी तहको अनुगमन गर्दा पहिलो र दोस्रो बाहेकका सूचकमा कम्तिमा ९० प्रतिशत अंक हासिल गरी सुधारको प्रतिवद्धता व्यक्त भएमा र प्रत्येक अघिल्ला अनुगमनको तुलनामा पछिल्ला अनुगमनमा सो घरधुरीले सुधारात्मक अंक प्राप्त गरेको देखिएमा सो घरलाई सफा र स्वच्छ क्षेत्रका सूचक हासिल गरेको मानिने छ ।

५.३ **अंक चढाउनुपर्ने :** (क) घरायसी तहमा खानेपानी, सरसफाइ र स्वच्छता अवस्थाको अनुगमन गरेपश्चात् टोल/वडामा रहेको अनुगमन पुस्तिकामा रहेको सो घरधुरीको पृष्ठमा अंक चढाउनुपर्नेछ । यसैगरी, घरधुरीमा रहेको अनुगमन पात्रोमा समेत अंक चढाई कुन सूचकमा कति अंक प्राप्त गरेको छ र सुधार गर्नुपर्ने पक्ष कुन छन् भनी जानकारी गराउनुपर्नेछ ।

(ख) अनुगमनका क्रममा कुनै सूचकहरु सो घरधुरीका सन्दर्भमा नमिल्दो भएमा सो विषयमा उनीहरुले हासिल गरेको जानकारीका आधारमा अंक दिनुपर्नेछ । उदाहरणका लागि, घरमा गाई बस्तु पालन नगरेको भएमा, महिनावारी उमेर समूहको महिला नभएमा ती विषयसँग सम्बन्धित सूचककमा परिवारका सदस्यहरुको ज्ञान वा जानकारीको तह र धारणाको आधारमा अंक दिनुपर्ने छ ।

ग) तीन पटकसम्मको अनुगमनमा कुनै घरधुरीले निरन्तर सतप्रतिशत अंक प्राप्त गरिरहेमा सो घरधुरीलाई नमूना घरधुरी मानी सम्बन्धित वडाले विशेष अवसर पारी वा समुदाय सफा र स्वच्छ घोषणाका क्रममा सम्मानित गर्न सक्नेछ ।

६. **विद्यालय तहको सरसफाइको नियमित अनुगमन :** (१) गाउँपालिकामा रहेका अनुगमन समितिले गाउँपालिका क्षेत्रभित्र रहेका विद्यालयहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्थाको नियमित अनुगमन गर्नुपर्नेछ ।

(क) यसरी अनुगमन गर्दा विद्यालयको खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रको समग्र अनुगमन गरी सवल पक्ष र सुधारात्मक पक्ष पहिचान गर्नुपर्छ ।

(ख) अनुगमन गर्दा संस्थागत र सार्वजनिक दुबै किसिमका विद्यालयहरुको अनुगमन गर्नुपर्ने छ ।

(ग) गढी गाउँपालिकाको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि २०८० लाई कार्यान्वयनमा ल्याई वि.सं. २०८७ भित्र सम्पूर्ण विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्था तीन तारा स्तरमा पुऱ्याउनका लागि गाउँपालिकाको वार्षिक अनुगमन तालिकामा विद्यालय अनुगमनलाई समेत समावेश गर्नुपर्नेछ ।

(घ) अनुगमन गरी सुझाव दिंदा समेत कार्यान्वयन हुन नसकेका विषयलाई विद्यालयको वार्षिक "विद्यालय सुधार योजना" मा समावेश गर्नका लागि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकलाई अनुगमन समितिले सुझाव दिनेछ ।

(ङ) विद्यालयको नियमित अनुगमनका क्रममा तपसिल बमोजिमका सूचकको आधारमा विद्यमान अवस्था उत्तम, मध्यम वा कमजोर रहेको चिन्ह दिई सुधारका लागि सुझाव प्रदान गर्नुपर्नेछ :

| क्र.सं. | क्षेत्र | अवस्था | | | सुझाव |
|---|---|---|---|---|---|
| | | राम्रो | मध्यम | कमजोर | |
| १. | चर्पीको सरसफाइ | | | | |
| २. | यूरिनलको सरसफाइ | | | | |
| ३. | चर्पीमा सरसफाइ सामग्री | | | | |
| ४. | साबुन पानीले हात धुने व्यवस्था | | | | |
| ५. | हात धुने ठाउँमा साबुनको उपलब्धता | | | | |
| ६. | हात धुने स्थान प्रयोगकर्तामैत्री | | | | |
| ७. | अपांगमैत्री संरचना | | | | |



नीलम

सानी

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | धाराको सरसफाइ | | | | |
| ९. | कम्पाउण्डको सरसफाइ | | | | |
| १०. | पिउने पानीको व्यवस्था | | | | |
| ११. | पिउने पानीमा पहुँच | | | | |
| १२. | कक्षा कोठाको सरसफाइ | | | | |
| १३. | फोहर जम्मा गर्ने र जलाउने ठाउँको सञ्चालन | | | | |
| १४. | स्यानिटरी प्याड विसर्जन गर्ने स्थलको प्रयोग | | | | |
| १५. | उज्यालो, चर्पीका चुकुल आदिको अवस्था | | | | |
| १६. | कक्षा कोठाभित्र डस्टबिनको अवस्था | | | | |
| १७. | कक्षा कोठाभित्र सफा गर्ने सामग्रीको अवस्था | | | | |
| १८. | कक्षा कोठा, चर्पी, कम्पाउण्ड आदि सफा गर्ने तालिका | | | | |
| १९. | तालिका अनुसार सफाइको अवस्था | | | | |
| २०. | कुहिने फोहरलाई कम्पोष्ट बनाउने अभ्यास | | | | |
| २१. | प्लास्टिकजन्य फोहरको उचित व्यवस्थापनको अवस्था | | | | |
| २२. | शिक्षक र विद्यार्थीले प्रयोग गर्ने चर्पी एउटै गरे नगरेको | | | | |
| २३. | विद्यालयमा खाजा उपलब्ध गराउने गरेको भएमा सोको स्वच्छताको अवस्था | | | | |
| २४. | भान्छा र भाँडाकुँडाको सफाइ | | | | |
| २५. | बाल क्लबको योजना निर्माणको अवस्था | | | | |
| २६. | बाल क्लबको सक्रियता | | | | |
| २७. | बाल क्लब उपसमितिहरुको सक्रियता | | | | |
| २८. | महिनावारी सरसफाइ व्यवस्थापन समितिको सक्रियता | | | | |
| २९. | क्षमता अभिवृद्धिका क्रियाकलाप | | | | |

| ३०. | सरसफाइ सम्बन्धी व्यवहारिक सिकाइको अवसर | | |
|---|---|---|---|

(च) यसरी अनुगमन गरिसकेपछि अनुगमनका क्रममा भेटिएका तथ्यहरुउपर विद्यालयका सरोकारवालाहरु (विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, बाल क्लब, महिनावारी सरसफाइ तथा स्वच्छता सरोकार समूह, जेण्डर फोकल शिक्षक, सरसफाइ फोकल शिक्षक) सँग छलफल गर्नुपर्नेछ । छलफलमा सवल पक्षहरु र सुधार गर्नुपर्ने पक्षहरुलाई स्पष्ट रुपमा सरोकारवालाहरुलाई प्रष्ट पार्नुपर्छ । साथै, कहिलेसम्म के के सुधार गर्ने कार्ययोजना बनाउन लगाउँदा सुधारको कामले तीव्रता पाउँछ ।

(२) **विद्यालयले नियमित रुपमा स्वअनुगमन गर्नुपर्ने :** (क) गढी गाउँपालिकाको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधिलाई कार्यान्वयनमा ल्याउनका लागि विद्यालय सरसफाइ प्रवर्द्धनका लागि सात झण्डे अवधारणालाई कार्यान्वयनको विधिको रुपमा प्रयोग गरिने छ ।

(ख) यस अवधारणा अनुसार विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता स्तरको अनुगमनका लागि विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले कार्यविधिमा निर्दिष्ट गरे अनुरुप अनुगमन गर्नुपर्नेछ ।

(ग) विद्यालयले स्वअनुगमन गरी सुधारका सात क्षेत्रमा भएको उपलब्धी वा प्रगति अनुसार झण्डाको उचाइ कायम गर्नुपर्नेछ । विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको नतिजामुखी अनुगमनका सूचकहरु तपसिल बमोजिम रहेका छन् :

| सूचक र उपसूचकहरु | प्राप्तांक | प्रतिशत | कैफियत |
|---|---|---|---|
| **चर्पीको प्रयोग (२०)** | | | |
| छात्र छात्राका लागि अलग्गै चर्पी (५) | | | |
| छात्र छात्राका लागि अलग्गै यूरिनल (३) | | | |
| चर्पी र यूरिनल सफा गर्ने अभ्यास (२) | | | |
| पानीको पर्याप्तता (३) | | | |
| हात धुने स्थान (२) | | | |
| हात धुने सामग्री (३) | | | |
| गोपनियता र सुरक्षा (२) | | | |
| कूल | | | |
| **हात धुने वानी र व्यक्तिगत सरसफाइ (१०)** | | | |
| स्वच्छता शिक्षा (२) | | | |
| हात धुन अभ्यास (२) | | | |
| दाँत माझ्ने नङ र कपाल काट्ने (२) | | | |
| कपडाको सफाइ (२) | | | |
| शरीर नुहाउने र अन्य सफाइ (२) | | | |
| कूल | | | |
| **महिनावारी सरसफाइ (१५)** | | | |
| विद्यालयमा महिनावारी सरसफाइ व्यवस्थापनका | | | |

| | | | |
|---|---|---|---|
| लागि अतिरिक्त समय व्यवस्थापन (३) | | | |
| महिनावारीको समयमा विद्यालयभित्र छोइछिटो हुने गरे नगरेको (३) | | | |
| उपयुक्त स्यानिटरी प्याडको प्रयोग (३) | | | |
| स्यानिटरी प्याडको विसर्जन (३) | | | |
| स्यानिटरी प्याडको उपलब्धता (३) | | | |
| कूल | | | |
| **खानेपानी, सरसफाइ तथा स्वच्छतामा समता (१०)** | | | |
| अपांगता भएका व्यक्तिहरुका लागि खानेपानी तथा शौचालयमा पहुँच (२) | | | |
| जात, धर्म, लिंग र अवस्थाका आधारमा अविभेद (२) | | | |
| सबैका लागि र सधैंका लागि स्वच्छ पिउने पानी (२) | | | |
| सबैका लागि प्रयोगकर्तामैत्री चर्पीको प्रवन्ध (२) | | | |
| सरसफाइ सामग्रीमा सबैको पहुँच (२) | | | |
| कूल | | | |
| **सुरक्षित पानी (२०)** | | | |
| पानीको पर्याप्तता (८) | | | |
| पानीको श्रोतको सुरक्षा (३) | | | |
| खानेपानी सुरक्षा योजना लागू भएको (३) | | | |
| पानीको शुद्धीकरण गर्ने गरेको (४) | | | |
| पानी स्वीकार्य (२) | | | |
| कूल | | | |
| **सुरक्षित खाना (१५)** | | | |
| खाना वा खाजाको भाँडो सुरक्षित (२) | | | |
| खाना वा खाजा तताउने सुविधा (२) | | | |
| विद्यालयमा सफा र स्वच्छ खाजाको उपलब्धता (विद्यालयको तर्फबाट उपलब्ध गराउने या क्यान्टिन) (२) | | | |
| वरिपरी पत्रु खानाको विक्री वितरण नगर्ने गरिएको (२) | | | |
| खाना तयार गर्ने सामग्रीको स्वच्छता र सफाइ (३) | | | |
| खाना वा खाजा बनाउने ठाउँको सफाइ (२) | | | |
| खाना वा खाजा बनाउने भाँडाको सफाइ (२) | | | |
| कूल | | | |
| **वातावरणीय सरसफाइ (१०)** | | | |
| पर्याप्त डस्टबिनको व्यवस्था (२) | | | |

| | | | |
|---|---|---|---|
| कक्षा कोठाको सफाइ (२) | | | |
| ठोस फोहरको वर्गीकरण र व्यवस्थापन (२) | | | |
| बगैचा र खेल मैदानको व्यवस्थापन (२) | | | |
| तरल फोहर व्यवस्थापन (२) | | | |
| **कूल : १००** | | | |
| **कूल प्राप्तांक** | | | |

**(३) स्वमूल्यांकन गरी स्तर निर्धारण गर्नुपर्ने :** (क) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि २०८० अनुसार प्रत्येक विद्यालयले शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र तारा पद्धति अनुसार विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको स्वमूल्यांकन गरी सूचकका आधारमा सुविधाको स्तर निर्धारण गर्नुपर्ने छ।

(ख) स्तर निर्धारण प्रक्रिया, अनुगमनका सूचक र घोषणा प्रक्रिया विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि २०८० बमोजिम हुनेछ।

(ग) पहिलो पटकका लागि कार्यविधि लागू भएको दुई महिनाभित्र प्रत्येक विद्यालयले खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्थाको स्वमूल्यांकन गरी सोको जानकारी गाउँपालिकाको शिक्षा शाखामार्फत कार्यपालिकालाई गराउनुपर्ने छ।

**७. स्वास्थ्य संस्थाको नियमित अनुगमन गर्नुपर्ने :** (क) गढी गाउँपालिकाले तयार गरेको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना २०७९ लाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउनका लागि स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्थाको नियमित अनुगमन गर्नुपर्ने छ।

(ख) अनुगमन गर्दा अवलोकन, छलफल, विरामी र आफन्तसँग कुराकानी, माध्यमिक तथ्यांकको विश्लेषण लगायतका बहुविधिको प्रयोग गर्नुपर्नेछ।

(ग) अनुगमनका क्रममा भेटिएका सवल र सुधारात्मक पक्षहरुउपर स्वास्थ्य संस्थाका प्रमुख सरकोकारवालाहरुसँग छलफल गरी सुधार योजना तयार गर्न लगाउनुपर्नेछ।

(घ) तयार गरिएको सुधार योजना कार्यान्वयनमा सहयोग गर्नका लागि स्वास्थ्य शाखामार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(ङ) स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छताको अनुगमनका लागि तपसिल बमोजिमका सूचकहरुको प्रयोग गर्नुपर्नेछ :

| **सूचक** | **हालको अवस्था** | | | **सुधार गर्नुपर्ने कुराहरु** |
|---|---|---|---|---|
| | **उत्तम** | **मध्यम** | **कमजोर** | |
| **पानीको व्यवस्था** | | | | |
| पिउने पानीको पर्याप्तता | | | | |
| सफाइका लागि पानीको पर्याप्तता | | | | |
| पिउने पानीको गुणस्तर जाँच गर्ने गरेको या नगरेको | | | | |
| पानी परीक्षण गर्ने गरेको भएमा | | | | |

| | | | | |
|---|---|---|---|---|
| कस्तो परीक्षण गर्ने गरेको (भौतिक परीक्षण, जैविक परीक्षण, रासायनिक परीक्षण आदि) | | | | |
| पानी शुद्धीकरणको अभ्यास र किसिम | | | | |
| विरामीका लागि आवश्यकता अनुसार उमालेको पानीको व्यवस्था भए नभएको | | | | |
| **चर्पीको उपलब्धता** | | | | |
| सेवाग्राहीका लागि चर्पीको व्यवस्था | | | | |
| सेवाग्राहीका लागि अलग्गै यूरिनलको व्यवस्था | | | | |
| चर्पी र यूरिनलको पर्याप्तता | | | | |
| चर्पीको सफाइ, चर्पीमा पानीको व्यवस्था | | | | |
| चर्पी सफा गर्ने सामग्रीको व्यवस्था | | | | |
| प्रयोगकर्तामैत्री/महिनावारीमैत्री | | | | |
| **कार्यकक्षहरुको सफाइ** | | | | |
| औषधी भण्डारण कक्षको सफाइ | | | | |
| फार्मेसीको सफाइ | | | | |
| कार्यकक्षहरुको सफाइको अवस्था | | | | |
| कार्यकक्षहरुमा डस्टबिनको व्यवस्था | | | | |
| अस्पतालमा प्रयोग हुने कपडाहरुको सफाइको अवस्था | | | | |
| कार्यकक्षको सिलिङ र पर्खालहरुको सफाइको अवस्था | | | | |
| **फोहर व्यवस्थापन** | | | | |
| फोहर वर्गीकरण र व्यवस्थापनको अवस्था | | | | |
| अस्पतालजन्य फोहरको व्यवस्थापन | | | | |
| खेर जाने पानीको व्यवस्थापन | | | | |
| कम्पाउण्डको सरसफाइको अवस्था | | | | |
| कार्यालयको सौन्दर्यकरण | | | | |
| **समावेशी स्वच्छता सुविधा** | | | | |
| कर्मचारीले साबुन पानीले हात धुने निश्चित, व्यवस्थित र पर्याप्त स्थान भए नभएको | | | | |
| विरामी र अन्य सेवाग्रहीले साबुन | | | | |

| | | | | |
|---|---|---|---|---|
| पानीले हात धुने निश्चित, व्यवस्थित र पर्याप्त स्थान भए नभएको | | | | |
| खानेपानी र सरसफाइका सुविधा सबैका लागि उपलब्ध भए नभएको | | | | |
| खानेपानी र सरसफाइ सुविधा बालबालिका र अपांगता भएका व्यक्ति सहित सबैका लागि उपयुक्त भए नभएको | | | | |
| खानेपानी र सरसफाइ सुविधा सबैका लागि उपयुक्त नभएको भएमा कस्तो किसिमको अनुपयुक्तता भएको ? | | | | |
| **स्वच्छता शिक्षा र अभ्यास** | | | | |
| स्वास्थ्य संस्थामा विरामी र सेवाग्राहीले सरसफाइ र स्वच्छताको बारेमा सिक्न वा जान्न चाहेमा सोका लागि उपयुक्त व्यवस्था भए नभएको (हेल्प डेस्क वा सूचना डेस्क) | | | | |
| IEC/BC सामग्रीको उपलब्धता र व्यवस्थापन | | | | |
| स्वास्थ्य संस्थाभित्र सरसफाइ र स्वच्छताको अभ्यास (उदाहरणका लागि साबुन पानीले हात धोएरमात्र भित्र जानुपर्ने व्यवस्था आदि) | | | | |

**८. अन्य संघसंस्था र कार्यालयको अनुगमन :** (क) गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजनालाई कार्यान्वयनमा ल्याई समावेशी एवम् प्रयोगकर्तामैत्री खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधालाई कार्यान्वयनमा ल्याउनका लागि गाउँपालिकाभित्र रहेका सम्पूर्ण सरकारी एवम् गैरसरकारी र संगठित संस्थाका कार्यालयहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधा समावेशी हुनुपर्नेछ ।

(ख) सो सुविधा समावेशी र प्रयोगकर्ता भए नभएको सुनिश्चित गर्नका लागि गाउँपालिका तथा वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता अनुगमन समिति र गाउँपालिका तथा वडास्तरीय अनुगमन समितिले आवधिक रुपमा अनुगमन गर्नेछन् ।

(ग) कार्यालयहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्थाको अनुगमनका लागि तपसिल बमोजिमका सूचकहरुको आधारमा अनुगमन गरी सवल पक्ष र सुधारात्मक पक्षको पहिचान गरी सुधारका लागि सुझाव दिनु अनुगमन समितिको दायित्व हुनेछ :

| सूचक | हालको अवस्था | | | सुधार गर्नुपर्ने कुराहरु |
|---|---|---|---|---|
| | उत्तम | मध्यम | कमजोर | |
| **पानीको व्यवस्था** | | | | |
| पिउने पानीको पर्याप्तता | | | | |
| सफाइका लागि पानीको पर्याप्तता | | | | |
| पानी शुद्धीकरणको अभ्यास र किसिम | | | | |
| **चर्पीको उपलब्धता** | | | | |
| कर्मचारी वा सदस्यका लागि चर्पीको व्यवस्था | | | | |
| सेवाग्राहीका लागि चर्पीको व्यवस्था | | | | |
| सेवाग्राहीका लागि अलग्गै यूरिनलको व्यवस्था | | | | |
| चर्पी र यूरिनलको पर्याप्तता | | | | |
| चर्पीको सफाइ, चर्पीमा पानीको व्यवस्था | | | | |
| चर्पी सफा गर्ने सामग्रीको व्यवस्था | | | | |
| प्रयोगकर्तामैत्री/महिनावारीमैत्री | | | | |
| **कार्यकक्षहरुको सफाइ** | | | | |
| कार्यकक्षहरुको सफाइको अवस्था | | | | |
| कार्यकक्षहरुमा डस्टबिनको व्यवस्था | | | | |
| कार्यकक्षको सिलिङ र पर्खालहरुको सफाइको अवस्था | | | | |
| **फोहर व्यवस्थापन** | | | | |
| फोहर वर्गीकरण र व्यवस्थापनको अवस्था | | | | |
| खेर जाने पानीको व्यवस्थापन | | | | |
| कम्पाउण्डको सरसफाइको अवस्था | | | | |
| कार्यालयको सौन्दर्यकरण | | | | |
| **समावेशी स्वच्छता सुविधा** | | | | |
| कर्मचारीले साबुन पानीले हात धुने निश्चित, व्यवस्थित र पर्याप्त स्थान भए नभएको | | | | |
| विरामी र अन्य सेवाग्रहीले साबुन पानीले हात धुने निश्चित, व्यवस्थित र पर्याप्त स्थान भए नभएको | | | | |
| खानेपानी र सरसफाइका सुविधा | | | | |

| | | | | |
|---|---|---|---|---|
| बालबालिका र अपांगता भएका व्यक्ति सहित सबैका लागि उपलब्ध भए नभएको | | | | |
| खानेपानी र सरसफाइ सुविधा सबैका लागि उपयुक्त भए नभएको | | | | |
| खानेपानी र सरसफाइ सुविधा सबैका लागि उपयुक्त नभएको भएमा कस्तो किसिमको अनुपयुक्तता भएको ? | | | | |

**९. सार्वजनिक स्थलको अनुगमन :** (क) गाउँपालिकालाई सफा र स्वच्छ क्षेत्र सुनिश्चित गर्नका लागि सार्वजनिक स्थलको खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्थाको अनुगमन गरी दस्तावेजीकरण गर्नु गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता अनुगमन समितिको दायित्व हुनेछ ।

(ख) अनुगमनका क्रममा भेटिएका तथ्यहरुलाई समेत द्वैमासिक अनुगमन प्रतिवेदनमा समावेश गरी गाउँ कार्यपालिकाको बैठकमा पेश गरी छलफल गर्नुपर्ने छ ।

(ग) गाउँपालिकालाई बालमैत्री, लैंगिकमैत्री, अपांगमैत्री र सफा तथा स्वच्छ क्षेत्र घोषणाका लागि समेत यस अनुगमनलाई आधार मानिने भएकोले अनुगमन कार्यको दस्तावेजीकरण र प्रतिवेदन तोकिएको ढाँचामा स्पष्ट रुपमा बुझिने गरी तयार गर्नुपर्ने छ ।

(ग) अनुगमन तपसिल बमोजिमका सूचकलाई आधार बनाई गर्नुपर्ने छ :

| सूचक | हालको अवस्था | | | सुधार गर्नुपर्ने कुराहरु |
|---|---|---|---|---|
| | उत्तम | मध्यम | कमजोर | |
| **सार्वजनिक स्थलमा खानेपानी तथा सरसफाइ सुविधाहरु** | | | | |
| सार्वजनिक स्थलमा फोहर संकलन गर्ने सामग्रीको उपलब्धता | | | | |
| सार्वजनिक शौचालयको व्यवस्था | | | | |
| यूरिनलको व्यवस्था | | | | |
| चर्पी र यूरिनलको सफाइको प्रवन्ध | | | | |
| महिनावारी र अपांगतामैत्री चर्पीको व्यवस्था | | | | |
| बालबालिकामैत्री संरचनाहरु | | | | |
| बजार क्षेत्र र अन्य सार्वजनिक क्षेत्रमा फोहर व्यवस्थापन प्रणाली | | | | |
| सार्वजनिक पिउने पानीको व्यवस्था | | | | |
| सार्वजनिक चर्पी प्रयोगपछि हात धुने व्यवस्था | | | | |

| | | | | |
|---|---|---|---|---|
| खेल मैदान, पार्क लगायतका स्थानमा साबुन पानीले हात धुने व्यवस्था | | | | |
| **फोहर व्यवस्थापन** | | | | |
| सार्वजनिक स्थल सरसफाइको अवस्था र तालिका (यदि भएमा) | | | | |
| आवधिक सफाइ अभियान व्यवस्थापन कसरी भैरहेको छ (यदि भएमा) | | | | |
| चर्पी र यूरिनलको व्यवस्था भएको भए दिसाजन्य लेदोको व्यवस्थापन कसरी भैरहेको छ ? | | | | |
| संकलन हुने फोहरलाई कसरी व्यवस्थापन गर्ने गरिएको छ ? | | | | |
| यदि जम्मा भएको फोहरलाई बाहिर लगिन्छ भने लैजाने व्यवस्था कस्तो छ ? | | | | |

**१०. खानेपानी प्रणालीको अनुगमन :** (क) खानेपानी प्रणालीबाट वितरण गरिएको पानीको गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित सेवा प्रदायक (उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त संस्था) को दायित्व हुनेछ ।

(ख) स्थानीय खानेपानी तथा सरसफाइ ऐनले निर्धारण गरे बमोजिम खानेपानी आयोजना वा खानेपानी सेवा प्रदायकले गुणस्तरीय पानी उपभोक्तालाई उपलब्ध गराए नगराएको कुराको अनुगमन गाउँपालिकास्तरीय अनुगमन समिति र गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता अनुगमन समितिले आवधिक रुपमा अनुगमन गर्नेछन् ।

(ग) अनुगमन पश्चात् निर्दिष्ट ढाँचामा प्रतिवेदन तयार गरी छलफलका लागि कम्तिमा ६ महिनाको एक पटक गाउँ कार्यपालिका बैठकमा पेश गर्नुपर्नेछ ।

(घ) छलफलको निस्कर्षको आधारमा सम्बन्धित उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त सेवा प्रदायकलाई सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याउन लगाउनुपर्नेछ ।

(ङ) खानेपानी प्रणालीको अनुगमनका लागि जाँच सुची देहाय बमोजिम रहेको छ :

- आयोजनाको प्राविधिक पक्ष
  - आयोजनाको क्षमता (लिटर प्रति सेकेण्ड)
  - प्रतिव्यक्ति प्रतिदिन खानेपानी खपत दर
  - उपभोक्ताले पानी लिन लाग्ने अधिकतम समय
  - पानीको श्रोतको किसिम (सुधारिएको, सुरक्षित वा सामान्य)

- पानी वितरणको किसिम (प्रति दिन निश्चित घण्टा/दिनको एक पटक/दिनको दुई पटक/ दिनको तीन पटक/ अन्य)
- श्रोतको सुरक्षा

- क्षमता अभिवृद्धि
    - हालको उपभोक्ता समितिलाई दिइएका तालिमको विवरण
    - यसअघिको उपभोक्ता समितिलाई दिइएको तालिमको विवरण
    - छनौट गरिएका उपभोक्ताहरुलाई दिइएको तालिमको विवरण
    - मुख्य तालिमहरु, सञ्चालन भएको भए को कसको सहभागिता, तालिम अवधि
        - खानेपानी आयोजना व्यवस्थापन तालिम
        - समुदायका लागि सरसफाइ तथा स्वच्छता तालिम
        - सामाजिक परिचालन तालिम
        - खानेपानी सुरक्षा तालिम
        - पूर्ण सरसफाइ तालिम
        - सामुदायिक योजना निर्माण तालिम
        - खानेपानी सुरक्षा योजना निर्माण तालिम
        - अन्य तालिम
- मर्मतसम्भार
    - समितिको मर्मत समभार कोष छ ? छ भने कतिबाट थालनी गरिएको थियो, र हाल कति पुगेको छ ?
    - कोष वृद्धि कसरी गर्ने गरिएको छ ?
    - उपभोक्ताबाट मर्मत सम्भार कोषका लागि रकम जम्मा गरिएको छ भने कति ?
    - मर्मत सम्भार कार्यकर्ता छन् या छैनन् ?
    - छन् भने, कति जना, कुन दक्षता र क्षमताका छन् ? उनीहरुले कुन तहसम्मको मर्मतसम्भार गर्न सक्छन् ?
    - मर्मत सम्भार कार्यकर्ताका लागि आयोजनाले प्रतिवर्ष गर्ने खर्च
    - आयोजनाको प्रतिवर्षको आम्दानी
    - आयोजनाको प्रतिवर्षको खर्च
    - रकम अपुग भएमा कहाँबाट कसरी व्यवस्थापन गर्ने गरिएको छ ?
- उपभोक्ता समितिले बनाएका आवश्यक नीति नियमको विवरण
- उपभोक्ता समितिको दीर्घकालीन योजना
- खानेपानी सुरक्षा योजना निर्माणको योजना भए नभएको, नभए कहिलेसम्म बनाउने ?
- उपलब्ध गराइरहेको पानीको गुणस्तर
- पानीको जाँच गर्ने सुविधा उपलब्ध भए नभएको
- भित्रै नभए पानीको जाँच गर्न कहाँ लगिन्छ ?
- कति कति अवधिमा पानीको गुणस्तर जाँच गरिन्छ ?
- उपभोक्ताका गुनासा सुन्ने पद्धति

- उपभोक्ताका गुनासा सम्बोधन गर्ने पद्धति

## परिच्छेद ४

## दस्तावेजीकरण र प्रमाणीकरण

**११. अनुगमनको दस्तावेजीकरण एवम् प्रतिवेदन तयारी :** (१) जुनसुकै तहबाट अनुगमन कार्य सम्पन्न गरेपश्चात् निर्दिष्ट ढाँचामा अनुगमन प्रतिवेदन तयार गरी तोकिएको समितिमा बुझाउनुपर्नेछ, जुन देहाय बमोजिम रहेको छ :

आवरण पृष्ठ

विषय सूची

१. पृष्ठभूमि/परिचय
२. उद्धेश्य
३. अनुगमन गरिएका सुविधाहरु (विद्यालय, समुदाय, घरधुरी, सार्वजनिक स्थल, स्वास्थ्य संस्था आदि)
४. अनुगमन टोली र जिम्मेवारी
५. अनुगमनमा प्रयोग गरिएका विधि
६. अनुगमनमा प्राप्त तथ्यहरु
७. समग्र अवस्था विश्लेषण
   - सवल पक्षहरु
   - सुधारात्मक पक्षहरु
८. निस्कर्ष तथा सुझावहरु
   अनुसूची : अनुगमनमा प्रयोग गरिएको जाँच सूची तथा फारामहरु

(२) अनुगमन प्रतिवेदनमा किटान गरिएका सुधारात्मक पक्षहरु र सुझावलाई समावेश गरी सुधार योजना तयार गर्न लगाउने मुख्य दायित्व गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको हुनेछ ।

**१२. प्रमाणीकरण प्रक्रिया :** (क) पूर्ण सरसफाइ अभियानका लक्षित इकाइहरु (घरधुरी, कार्यालय/संघसंस्था, विद्यालय, स्वास्थ्य चौकी, टोल, वडा र सार्वजनिक क्षेत्र) को प्रमाणीकरण अनुगमनपश्चात् यिनीहरुलाई पूर्ण सरसफाइ उन्मुख स्वघोषणा (पहिलो चरणमा सफा र स्वच्छ क्षेत्र तथा दोस्रो चरणमा पूर्ण सरसफाइ उन्मुख) घोषणा गर्नुपर्दछ ।

(ख) यसरी घोषणा गर्दा, घोषणा हुने क्षेत्रले आफूभन्दा माथिल्लो तहबाट प्रमाणीकरण गराउनुपर्नेछ, जुन देहाय बमोजिम रहेको छ :

| क्र.सं. | स्वघोषणा गर्ने इकाइ | पेश गर्नुपर्ने निकाय |
|---|---|---|
| १. | टोल | वडा समिति |
| २. | विद्यालय | विद्यालय व्यवस्थापन समितिमार्फत गाउँपालिका |
| ३. | वडा | गाउँपालिका |
| ४. | स्वास्थ्य संस्था | स्वास्थ्य शाखा मार्फत गाउँपालिका |